बैठक संख्या : २२　　　　　　　　स्थान : राप्ती न.पा. वडा नं. ७ कार्यालय

मिती : २०७४।१२।०८ गते　　　　　　　　　समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

प्रस्तावहरु

१. सिटीहलको नमुना छनौट गर्ने सम्बन्धमा ।
२. सरोज प्रजाको प्रतिभा संरक्षण समितिको लागि सहयोग सम्बन्धमा ।
३. विषयगत समितिहरुको बैठक सम्बन्धमा ।
४. हाजिरमा सव इन्जिनियर राख्ने सम्बन्धमा ।
५. स्थानीय राजपत्रमा ऐन नियम प्रकाशन गर्न सम्बन्धि नियम स्वीकृत गर्ने सम्बन्धमा ।
६. नगरपालिका भवन निर्माणको स्थलबारे सम्बन्धित मन्त्रालयहरुमा पत्र पठाउने सम्बन्धमा ।
७. कार्यालय सहयोगीको नतिजा प्रकाशन सम्बन्धमा ।
८. खरिद/भुक्तानी/जिन्सी व्यवस्थापन तालिम सम्बन्धमा ।
९. बनको कार्ययोजना स्वीकृत सम्बन्धमा ।
१०. योजनाको शिर्षक परिवर्तन सम्बन्धमा ।

**निर्णय नं. १**

राप्ती नगरपालिकामा ५०० जना क्षमता भएको सिटीहल नमुना छनौट सम्बन्धमा चालु आ.व.मा राप्ती नगरपालिका ४ मा निर्माणको लागि प्राप्त विभिन्न नमुना मध्ये देहायको नमूना बमोजिम सिटीहल निर्माण गर्न स्वीकृत गर्दै सो को लागि आवश्यक ड्रइङ डिजाइन गर्न शीघ्र कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।



**निर्णय नं. २**

प्रस्ताव नं. २ सम्बन्धमा राप्ती नगरपालिका वडा नं. २ निवासी श्री सरोज प्रजाले आफ्नै सिप र प्रविधिबाट प्यारा गलाइडिङ बनाउने र मिनी एयर काफ्ट सम्म बनाउने प्रयत्नमा रहेका र निजको आर्थिक स्थितिले मात्र सो कार्य सम्भव नहुने भएकोले यस्ता प्रतिभाहरुको संरक्षण र सम्बर्द्धन गदै हौसला प्रदान गर्न समितिलाई नगरपालिकाबाट रु ८००००। (असी हजार मात्र) अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ सम्बन्धमा चालु आ.व. का योजना तथा कार्यक्रमको सञ्चालन भइ रहेको छ । आगामी आ.व.को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने समय भई सकेको हुदा बजेट तर्जुमा सम्बन्धी दिग्ददर्शन २०७४ बमोजिमका विषयगत समितिहरुको बैठक २०७४।१२।२० गते भित्र बसी आफ्नो कार्य क्षेत्र र गर्नुपर्ने काम सम्बन्धमा कार्य योजना बनाई अगामी बैठकमा पेश गर्ने र सो समितिमा कार्यालयले कर्मचारी तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुदा राप्ती नगरपालिकामा प्राविधिक जन शक्ति ज्यादै न्यून भइ कार्य संचालन गर्न कठीन भएकोले कन्टेन्जेन्सी रकमबाट पारिश्रमिक पाउने गरी १ जना सिभिल समुहको सव इन्जिनियर दैनिक ज्यालादारीमा राख्न विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमाजिम नगरसभा वा नगर कार्यपालिकाबाट स्वीकृत ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड सन्धी, सम्झौता समेत स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ सो प्रकाशन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नमुना स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्य विधि २०७४ लाई परिमार्जन गरी स्वीकृतिको लागि पेश भएका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ लाइ स्वीकृत  गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिकाको प्रशासनीय भवन निर्माण गर्नको लागि नगरपालिकाको आफ्नो जग्गा नभएको कारण प्रशासकीय भवन निर्माण गर्न सकिएको छैन । यस कार्यालयबाट विभिन्न मितिमा भएको औपचारिक अनौपचारिक बैठक, राप्ती नगरपालिका वडा नं. ५ को सिफारिस,समेतका आधारमा हाल राप्ती नगरपालिकाको भवन रहेको स्थानको दक्षिण पश्चिम तर्फ मत्स्य विकास केन्द्रको नाममा रही हाल खाली रहेको २ विघा जमिन राप्ती नगरपालिकाको नाममा उपलब्ध गराई दिन सम्बन्धित मन्त्रालय/ निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्वास्थ्य चौकीमा सहयोगी व्यवस्था गर्न मिति २०७४।५।३ मा भएको विज्ञापन अनुसार अन्तरवार्ता समेत भइ सकेको उक्त पदको विज्ञापनको नतिजा प्रकाशनको लागि कार्यालयबाट प्राप्त हुन आएको प्रस्ताव अनुसार सो विज्ञापित पदको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

राप्ती नगरपालिकाको कर्मचारी नगर कार्यपालिका सदस्य समेतको लागि खरिद /भुक्तानी /जिन्सी व्यवस्थापन सम्बन्धी विषयमा यथाशीघ्र एक गोष्ठीको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४/७५ च.नं. ५४८९ मिति २०७४।११।२९ को पत्रको बुदा नं. ११ मा सामुदायिक बन उपभोक्ता समुहबाट वार्षिक कार्ययोजना अनुसार सामुदायिक बनको कटानी एवं निजी बनमा रहेको काठ दाउरा कटानी सम्बन्धमा त्यस्तो कार्ययोजना स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत भएपछि मात्र प्रचलित कानून बमोजिम वनजन्य सम्पदाको व्यवस्थापनको सुनिश्चितता गर्ने भनि उल्लेख भई आएकोले सो अनुसार कार्य गर्न सबै बन उपभोक्ता समूहहरुलाई पत्राचार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल हुदा चालु आ.व. का लागि प्रथम नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुमा केही संशोधन गर्नुपर्ने विषयमा नगर कार्यपालिकाको बैठकमा भएको समझदारीलाई मध्यनगर गर्दै स्वीकृत योजनाहरु २०७४ चैत्र महिना भित्रै योजनाहरुको सम्झौता गरी सक्नुपर्ने भन्ने विभिन्न संचार माध्यामहरुमा आएको हुँदा त्यस्ता संशोधन गर्नुपर्ने विषयलाई सम्बन्धित वडाको सिफारिसको आधारमा अनुसूची १ बमोजिम योजना संशोधन गरी संचालन गर्ने निर्णय गरियो ।